# के.आई.सिंह गाउँपालिकाको गाउँ सभामा २०७७ साल असार १० गते बुधवार गाउँपालिका उपाध्यक्ष श्री मिना देवी विष्ट ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्य

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वायल, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७७

**सम्मानित सभाका सभाअध्यक्ष ज्यू,**

१. यस के.आई .सिंह गाउँपालिकाको गाउँ सभामा उपाध्यक्ष एंव बजेट तर्जूमा सिमितिको अध्यक्षको रुपमा विद्यमान बिषम परिस्थितिविच आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न उभिएको छु ।सम्पूर्ण विश्व र नेपाल नै कोभिड-१९ (कोरोना भाईरस) महामारिको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा पनि अहोरात्र खटीएरबिशेष गरी भारतका बिभिन्न ठाउँबाट यस के.आई.सिंह गाउँपालिकामा आउनुभएका दाजूभाई तथा दिदिबहिनीको उद्धार तथा व्यवस्थापन कार्यमा निरन्तर खटिई सहयोग गर्नुहुने जनप्रतिनिधि,स्वास्थ्यकर्मी,सुरक्षाकर्मी,पत्रकार,समाजसेवी, विभिन्न राजनैतिक दलका व्यक्तित्वहरु,कर्मचारीहरु तथा विभिन्न संघसंस्था संग आबद्ध सम्पूर्ण व्यक्तिहरूलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

२. यस घडिमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागी विभिन्न समयमा भएको आन्दोलनमा जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु तथा निरंकुशताको विरुद्ध जिवन पर्यन्त संघर्ष गर्नुहुने दिवंगत नेताहरू प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता,राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्रप्तिको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनितिज्ञ प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

**गाउँ सभाका सभाअध्यक्ष महोदय,**

३. मैले वर्तमान के.आई.सिंह गाउँपालिकाको सरकारको चौथो वर्षको बजेट प्रस्तुत गरिरहँदा कोरोनाबाट नागरिकको जिवन रक्षा गर्ने र रोजगारी सिर्जना गर्ने गहन जिम्मेवारी बोध गरेकोछु । विगत तीन वर्षको अथक प्रयासबाट हासिल भएको उपलब्धिको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीब्रता दिने मार्गमा कोरोना

माहामारीका कारण केही धक्का लागेको छ । शताब्दिकै यस विषम परिस्थितिमा सबै राजनैतिक दल,जनप्रतिनिधि, संघसंस्था र आम नागरिकको सहयोग र ऐक्यबद्धताले वर्तमान चुनौती सामना गर्न सकिन्छ, भन्ने यस के.आई.सिंह गाउँपालिकाको दृढ विश्वास रहेकोछ ।

४. भारत लगायत अन्य ठाउबाट आएका व्यक्तिको RDT तथा PCR जाँच गर्नका लागि यस गाउँपालिकाका विभिन्न क्वारेन्टिनमा स्वास्थ्यकर्मी सहितको टोली गएर जाँच गर्दै गर्दा आजको मितिसम्म यस गाउँपालिकामा २ (दुई) जनामा पिसिआर रिपोर्ट पोजिटिभ देखिएको हुँदा उहाँहरुको शिघ्र स्वास्थ्य लाभको समेत कामना गर्न चाहान्छु ।

५. चुनौती र अवसरकाबीच नै समस्याहरुको पहिचान गरी समाधानका उपाय खोज्नु नै हाम्रो विशेष प्राथमिकता हो । तशर्थ यस क्षेत्रमा रहेको भौतिक पूर्वाधारहरुको कमजोर अवस्था,राजश्वको न्यून संकलन तथा खर्चको अनुत्पादक दोहन हाम्रा प्रमुख चुनौतिहरु हुन्। आत्मनिर्भर रोजगारी प्रणालीमा अभ्यस्त हुन नसक्नु,कमजोर पूंजी तथा प्रविधिको न्यून उपलब्धता,स्थानीय श्रोत साधनको कुशल परिचालन हुन नसक्नु र अनुत्पादक जिवनशैली यहाँको गरिबी रपछौटेपनको प्रमुख कारण हुन् । तथापी उपर्युक्त समस्याहरुको समाधान गर्नुको विकल्प छैन र अर्थपूर्ण खोज,विश्लेषण र रणनीतिक उपायहरुको अवलम्बन गर्न सकेमा यस गाउँपालिकाको समृद्धि हाम्रै पालामा सम्भव रहेकोछ । नेपालको संविधानले व्यवस्था गरेको राज्यका निर्देशक सिद्धान्त, राज्यका नीति तथा दायित्वहरु , पन्ध्रौ पञ्चवर्षिय योजानाको दिर्घकालीन सोच,लक्ष्य, उदेश्य तथा प्राथमिकताहरु,अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरु,संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गनिर्देशन,स्थानीय सरकार सञ्चाल ऐन,२०७४, स्थानीत तह बजेट तर्जुमा दिग्दर्शन(संशोधन) २०७४ र यहाँका आदरणीय जनताको समस्या,माग,आवश्यकता र चाहानालाई मूल आधारको रुपमा लिईएकोछ ।

**सभाअध्यक्ष महोदय,**

६. कोभिड-१९ ले निम्त्याएको ज्यादै असहज परिस्थितिमा पनि यस गाउँपालिकाबाट सञ्चालन हुने सडक, खानेपानी योजनाहरु, सिँचाई लगायतका योजनाहरु अधिकांश कार्य समयमै सम्पन्न हुने चरणमा पुगेकाछन् ।

७. यस बिषम,जिखिम एंवम असहज परिस्थितिका बाबजुत पनि चालू आर्थिक वर्षको हाल सम्म आईपुग्दा गाउँपालिकाको पूंजिगत तथा चालू खर्च ६० प्रतिशत भन्दा बढी भईसकेको हुँदा यसलाई  गाउँपालिकाको विकासका लागी एकदमै सकारात्मक संकेतको रुपमा मैले बुझेकोछु ।

८. चालू आर्थिक वर्षमा कोभिड-१९ ले सम्पूर्ण वडा कार्यालयबाट प्रदान हुने अत्यावश्यक बाहेक अन्य सम्पूर्ण कार्य लामो समयसम्म स्थगित भएको कारणले राजश्व संकलनमा नकारात्मक असर परेकोछ ।  चालू आर्थिक वर्षमा राजश्व संकलन वार्षिक अनुमानको तुलनामा ज्यादै न्यून ५५% ( प्रतिशत)  अर्थात २५ लाख ५० हजार हुने अनुमान छ ।

**सभाअध्यक्ष महोदय,**

९. अब म, **मैले बजेट तर्जुमा गर्दा अवलम्बन गरेको मुख्य प्राथमिकता तथा उद्धेश्यहरु** प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**बजेटका प्राथमिकताहरु:**

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा देहाय बमोजिमका प्राथमिकता आत्मसाथ गरिएको व्यहोरा यस सम्मानित गाउँसभालाई अवगत गराउन चाहान्छु ।

-संक्रमण लगायत सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजिवनलाई सहज र सुरक्षित बनाउने,

- कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्बसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार,स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती र स्वास्थ जनशक्ति विकास,

- कोरोना भाईरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमबाट टुटेका उत्पादन र आपुर्ति श्रृखलालाई पुनस्थापना गर्दै कृषि,उद्योग,पर्यटन, निर्माण लगायत प्रभावित व्यवसायको पुनरुत्थान,

-उपलब्ध साधन,स्रोत,अवसर र क्षमताको उच्चतम परिचालन गरी शिघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने,साथै बजेट तथा कार्यक्रमका **उद्देश्यहरु** देहाय बमोजिम तय गरेको छु ।

क) कोरोना भाईरसद्वारा यस गाउँपालिकामा सिर्जित मानवीय,आर्थिक,खाद्य,सामाजिक लगायत अन्य समस्याबाट गाउँपालिका बासीलाई मुक्त गर्ने,
ख)उत्पादन वृद्धि र छिटो छरितो नतिजा प्राप्त
ग)स्थानीय श्रम,सीप,पूजी र प्रविधिको सर्वोत्तम उपयोग हुने,
घ) अल्पकालिन वा दिर्घकालीन रुपमा पूर्ण भरपर्दो,सुरक्षित तथा जिवन धान्न पुग्ने रोजगारीको सिर्जना गर्ने,

ङ) सेवाहरु सिटो छरितो मितव्ययी प्रभावकारी र जनउत्तरदायी वनाई सार्वजनिक सेवा प्रतिकोजनस्वामित्व वृद्धि गर्ने

च) बिद्यमान आर्थिक सामाजिक धार्मिक सांस्कृतिक र वर्गीय विभेद तथा असमानताको अन्त्य गरी आपसी विश्वास भाईचारा बन्दुत्व एक अर्काको सम्मान श्रमको मूल्याकंन धार्मिक सहिंश्णुता सांस्कृतिक अन्तर्भुलन तथा सामान्जस्यता कायम गरी सामाजिक बिकास अभिबृद्धि गर्ने ।

११.आगामी आर्थिक वर्षको क्षेत्रगत बजेट विनियोजन गर्दा कोरोनाको रोकथाम गर्दै आर्थिक पुनरुत्थान हुने,तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक वर्षमै सम्पन्न हुने,चालू आयोजनाहरुको कार्यान्वयन निरन्तरता सुनिश्चितता गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन जिल्लास्तरका कार्यालयहरु, जिल्ला समन्वय समिति तथा मातहतका कार्यालयबिच उच्चतम समन्वय र सहकार्य गर्ने तथा सार्वजनिक,निजी,सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ मैले जोड दिएकोछु।

**सम्मानित गाउँसभाका सभाअध्यक्ष महोदय,**

१२.अब म आर्थिक वर्ष २०७७/०७८ मा **विभिन्न क्षेत्रगत तथा विषयगत बजेट** प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१३.कूल बजेट मध्ये प्रत्येक वडाहरुलाई पूंजिगत तर्फ जनसंख्या, क्षेत्रफल लगायत अन्य विकासको सुचकांकको आधारमा कूल रु. ३ करोड १० लाख र चालू तर्फ वडाहरुलाई आ.ब. २०७६/०७७ मा विनियोजित गरिएको बजेटमा १० प्रतिशत वृद्धि गरी कूल बजेट रु.६१ लाख ९० हजार विनियोजन गरेकोछु।

१४.आ.ब २०७६/०७७ मा दायित्व सिर्जना भई कार्यान्वयन भईरहेका र आ.ब. २०७७/०७८ मा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदान बजेटमा ५० प्रतिशतले हुन आउने रकम रु. ३ करोडसमपूरक कोषमा विनियोजन गरेको छु।

१५.सामान्य खर्च अर्थात चालू खर्चमा एकदमै मितव्ययीता अपनाई भैपरि आउने चालू खर्च लगायत बिबिध खर्चमा कटैती गरी गाउँपालिका चालू तर्फ रु. ५ करोड बिनियोजन गरेको छु ।

**सम्मानित सभाका सभाअध्यक्ष महोदय,**

१६.अब म यस के.आई.सिंह गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेटमा समावेश गरिएका कार्यक्रम एंवम विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**श्रम तथा रोजगार**

१७.मर्यादित काम,सामाजिक सुरक्षा रआदर्श श्रम सम्बन्धको माध्यमबाट श्रमको उत्पादकत्व वृद्धि गर्दै सबै के.आई.सिंह बासीलाई काम र रोजगारीको अवसर सिर्जना गर्ने तर्फ कार्यक्रम तय गरेकोछु ।

१८.कोंभिड-१९ ले यस के.आई.सिंह गाउँपालिकाको थुप्रै दाजूभाई दिदिबहिनिहरूले रोजगारीबाट बञ्चित हुनुपरेकोछ । यस के.आई.सिंह गाउँपालिकाभित्र यसै आर्थिक वर्षमा भारत लगायत अन्य स्थानबाट आएका र यहाँ बसोबास गर्ने व्यक्तिलाई के.आई.सिंह स्वरोजगार कार्याक्रम अन्तर्गत एक वडा एक लघु उद्यमी अवधारणा मार्फत रोजगार उपलब्ध गराउनका  लागी रू. ७५ लाख रुपैया विनियोजन गरेकोछु ।

१९.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँ गाउँ स्तरसम्म पूर्यानई यस कार्यक्रममा धेरै भन्दा धेरै व्याक्तिको पहुँच सुनिश्चित गर्न, गाउँपालिकाबाट सञ्चालन हुने अन्य कार्यक्रम तथा योजनासंग जोडेर थप प्रभावकारी,नतिजामूखी, जनमैत्री बनाउने उद्देश्यले उक्त कार्यक्रमका लागि आवश्यक पर्ने सामाग्री खरिदका लागिरू. २० लाख बजेट विनियोजन गरेकोछु ।

२०. रोजगार सेवा केन्द्रलाई श्रम सुचना बैंकको रुपमा समेत उपयोग गरी निजी क्षेत्रका उत्पादनशिल उद्योगले आफूलाई आवश्यक पर्ने र श्रम सूचना बैंकबाट सिफारिस भएका श्रमिकलाई रोजगारी सिर्जना गर्नुगाउँपालिकाको पहिलो प्राथमिकता भएको हुँदा रोजागार सम्बन्धि  विवरण अद्यावधिक गर्न, परिचालन तथा अनुगमन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

२१.प्रत्येक वडामा सिलाई बुनाई,सिलाई कटाई हाते होजियारी लगायत कुनै न कुनै किसिमको लघू व्यावसाय मार्फत भारत लागायत अन्य मुलुकबाट आएका दिदिबहिनिलाई रोजगारको सुनिश्चितता गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

## संस्कृति प्रवर्द्धन

२२.आ.व. २०७६/०७७ देखी यस के.आई.सिंह गाउँपालिकाको वडा नं. १ को डुम्राकोट मा के.आई.सिंह संग्रहालय निर्माण कार्य सुरु भईसकेको छ । ऐतिहासिक तथा युग पुरुष डा. के.आई.सिंहको सम्झनामा निर्माण हुने के.आई.सिंह संग्रहालयभित्र रहने लोपुन्मुख तथा ऐतिहासिक सामग्रीको खोज तथा अनुसन्धान, विभिन्न दस्तावेजहरुको अध्ययन अनुसन्धानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## लक्षित कार्यक्रम

२३.दलितसंग अध्यक्ष कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएकोछ । यस कार्यक्रमका लागी रु. ५० लाख विनियोजन गरेको छु ।

२४.के.आई.सिंह गाउँपालिकाका दिदिबहिनीहरुको क्षमता अभिवृद्धि गर्न,सहभागिता सुनिश्चित गर्न, एकल महिला, बालबालिका लगायत लक्षित वर्गको सम्मान तथा हितका लागी उपाध्यक्ष संग महिला कार्यक्रमलाई निरन्तरता दिदै सो कार्यक्रमका लागि रु. २० लाख विनियोजन गरेकोछु ।

## सुशासन तथा वित्तिय अनुशासन

२५.अधिकांश  विकासका योजना उपभोक्ता समितिद्वारा सञ्चालन हुने र गाउँपालिकामा भए गरेका कृयाकलापलाई जनता सामू पारदर्शि ढंगले समयसमयमा जानकारी गराई सुशासनको प्रत्याभूति गराउने उद्देश्यले के.आई.सिंह गाउँपालिकाले यस आर्थिक वर्ष सुशासन परियोजनाको माध्यमबाट

गाउँपालिकालाई प्रशासन मैत्री ,जनमैत्री, सुशासनमैत्री बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. चौमासिक रुपमा यस गाउँपालिकामा भए गरेका कार्यको नागरिकलाई सूचनाको हकको सुनिश्चितता गर्न र सेवा प्रवाहलाई पारदर्शि, मितव्वयी बनाउन सार्वजनिक सुनुवाई गरिनेछ । गाउँपालिकामात्र नभई वडा स्तरमा पनि सार्वजनिक सुनुवाई कार्यलाई आवधिक रुपमा सञ्चालन गरिनेछ । यसका लागी आवश्यक बजेट विनियोजन गरेकोछु ।

## पर्यटन प्रबर्द्धन

२७.पर्यटन गुरुयोजना निर्माण र गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटन गन्तव्य स्थलको पहिचान तथा प्रचार प्रसार गर्नका निमित्त आवश्यक बजेट विनियोजन गरेको छु ।

२८.के.आई.सिंह गाउँपालिकाको के.आई.सिंह सार्वजनिक मञ्च तथा के.आई.सिंह सभाहल निर्माण कार्यलाई यसै वर्षमा निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

२९.गाउँपालिकाको गुरुयोजना निर्माणका लागी रु. २० लाख बजेट विनियोजन गरेकोछु ।

## स्वास्थ्य

३०.कोरोना माहामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जित स्वास्थ्य जोखिमको न्यूनिकरण गर्न, रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि गुणस्तरीय स्वास्थ्य सेवा तथा स्वास्थ्यकर्मीको सेवा विस्तार गर्न उच्च प्राथमिकता दिई स्वास्थ्य क्षेत्रमा बजेट वृद्धि गरेकोछु ।

३१.गुणस्तरीय तथा आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्न यस आ.ब को सुरुवातमै १५ सैयाको आधारभूत अस्पताल निर्माण कार्य सूरु

गरिनेछ। चिकित्सकीय सेवालाई थप प्रभावकारी बनाई गुणस्तरीय सेवा प्रदान गरिनेछ।

**सम्मानित सभाका सभाअध्यक्ष महोदय,**

३२.अब म **शिक्षा तथा अन्य सामाजिक क्षेत्र** तर्फको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**शिक्षा**

३३.मानव पूंजि निर्माण,सामाजिक रुपान्तरण र आर्थिक विकास सहितको आधुनिक समाज निर्माण गर्न शिक्षालाई मैले उच्च प्राथमिकता दिएकोछु। शैक्षिक पूर्वाधारको विकास,दक्ष जनशक्ति एवं शिक्षण सामग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरीय र जीवन उपयोगी शिक्षाको सुनिश्चितता गरिनेछ।

३४.के.आई.सिंह गाउँपालिका वडा नं. ४ मा स्थित झिमे मालिका माध्यमिक विद्यालयमा यसै वर्ष देखी कृषि विषयको अध्यापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

३५.कोभिड-१९ को कारण पठनपाठनमा सिर्जना भएको अबरोधलाई दृष्टिगत गरी भर्चुअल कक्षा सञ्चालन,अनलाईन शिक्षा तथा रेडियो मार्फत नयाँ शैक्षिक वर्षको कक्षा सञ्चालन गरिनेछ।

३६. शिक्षा क्षेत्रलाई थप प्रभावकारी बनाउन शिक्षा क्षेत्रमा पर्ने बजेट विनियोजन गरेकोछु।

३७.हाल भारतबाट आएका व्यक्तिलाई गाउँपालिकामा रहेको बिभिन्न वुद्यालयमा क्वारेन्टिन स्थापना गरी राखिएको छ। त्यहा बस्दा क्षमता भन्दा बढी व्यक्तिलाई राख्दा संरचनामा केही क्षति भएको अवस्था छ। क्षति भएका बिद्यालयको आवश्यकता बमोजिम मर्मत सम्भार गरिनेछ।

**सभाका सभाध्यक्ष ज्यू,**

३८.**अब म कृषि, पशू,वन लगायतका उत्पादन** क्षेत्रका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## कृषि

३९.यस गाउँपालिकाको विकास तथा गरिबी न्युनिकरणको भरपर्दो आधारको रुपमा रहेको कृषि क्षेत्रमा कोरोना माहामारीको कारण उत्पन्न भएको चुनौती र अवसरलाई सम्बोधन गर्न कृषिमा श्रम परिचालन कृषि कार्यको व्यावसायिकरण,यान्त्रिकरण र आधुनिकिकरण गरी काम र रोजगारी सिर्जना गरिनेछ । यसका लागी सिँचाई,मल,बीउ,पूँजी, प्रविधि र बजार सुनिश्चित गरिनेछ ।

४०. भारत लगायत अन्य मूलुकबाट यस गाउँपालिकामा आउनु भएका दाजुभाई दिदिबहिनिलाई बाँझो जग्गामा बाली लगाई खेतियोग्य बनाउन उत्प्रेरित गरिनेछ ।

४१.यस आर्थिक वर्षमा कृषि क्षेत्रमा बजेट तथा कार्यक्रमलाई एकदमै फरक तथा नौलो ढंगले निर्माण गरी साविकको भन्दा बजेट वृद्धि गरेको छु ।

४२.कृषकलाई व्यावसायिक पशुपन्छिपालनमा आकर्षित गर्न नश्ल सुधार कार्यक्रमलाई प्रोत्साहन गरी गुणस्तरीय पशु स्वास्थ्य सेवाको विस्तार गरिनेछ । पशु सेवा क्षेत्रमा आवश्यक विनियोजन गरेको छु ।

## पूर्वाधार विकास

४३.विकासको पूर्वाधारको रुपमा रहेको सडक सञ्जाललाई विस्तार गरि सहज आवागमन,आन्तरिक गतिविधि विस्तार गर्न सुरक्षित सडक पूर्वाधार निर्माणमा जोड दिईनेछ ।

४४. वडा नं. २ मा वसपार्क निर्माण र सेती नदीमा र्याछफ्टिङ्ग कार्यको सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४५. गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको कार्य यसै वर्ष देखी थालनी गरिनेछ। सो कार्यका लागी प्रदेश सरकार तथा संघीय सरकारसंग समन्वय गरिनेछ।

४६.सडक लगायत अन्य पूर्वाधार क्षेत्रमा रू. आबश्यक बजेट विनियोजन गरेकोछु।

**खानेपानी सरसफाई तथा सिँचाई**

४७.खानेपानी मानिसको आधारभूत आवश्यकता भएको हुँदा स्वच्छ तथा सफा खानेपानीमा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने उद्देश्यले आ.ब. २०७६/०७७ देखी यस गाउँपालिकामा सञ्चालन हुदै आएको ग्रामिण जलश्रोत व्यावस्थापन परियोजनाको विभिन्न योजानाको म्याचिङ्ग फण्डको लागि रु. १ करोड १८ लाख विनियोजन गरेकोछु।

४८.खानेपानीका स्रोत तथा जलाधार क्षेत्रको पहिचान,संरक्षण र विकास गरिनेछ। भूमिगत खानेपानीको योजनालाई थप प्रभावकारी बनाई दिगो आपूर्तिका लागी पुनर्भरण कार्यलाई जोड दिईनेछ।

**न्याय, कानून र आन्तरिक सुरक्षा**

४९.न्यायिक समितिद्वारा सञ्चालन हुने न्यायिक ईजालसलाई सरल र मितव्ययी बनाउदै हिंसा पिडित महिला,एकल महिला,अपांगता भएका व्यक्ति, दलित बालबालिका तथा ज्येष्ठ नागरिकको न्यायिक पहँचमा विशेष जोड दिईनेछ। गाउँपालिकाको न्यायिक सिमितिका लागी आवश्यक बजेट विनियोजन गरेकोछु।

**५०.** गाउँपालिकामा हुने घरेलु हिंसा, आतंक लगायत अन्य अपराधिक गतिविधिलाई न्यूनिकरण गर्न स्थानीय प्रहरी चौकीसंग समन्वय गरिनेछ। सो कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सद्भाीव तथा सहिस्णुता कायम गर्न स्वयंम सेवकको व्यवस्था गरिनेछ।

**सम्मानित सभाका सभाअध्यक्ष महोदय,**

**५१.**अब म **सञ्चार, सार्वजनिक सेवा र सुशासन तथा विपद व्यवस्थापन**सम्बन्धि कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>सञ्चार तथा सूचना प्रविधि,विपद व्यावस्थापन</u>**

**५२.**डिजिटल के.आई.सिंह फ्रेमवर्कको कार्यान्वयन गरी डिजिटल प्रविधिको माध्यमबाट यस गाउँपालिकाबाट प्रदान गरिने सेवा, सूचना, जानकारी तथा शुभकामना आदान प्रदान जस्ता विषयको लागी आवश्यक बजेट विनियोजन गरेकोछु ।

**५३.** के.आई.सिंह गाउँपालिकाको ऐतिहासिक महत्वलाई राष्ट्रिय स्तरमै परिचित तुल्याउने उद्देश्यले वृत्तचित्र निर्माणका लागी आवश्यक बजेट विनियोजन गरेकोछु ।

**५४.**विपद जोखिम न्युनिकरण र व्यवस्थापनमा संलग्न हुने स्थानीय स्तरको विपद व्यस्थापन समिति लगायत अन्य समितिलाई थप क्रियाशिल र प्रभावकारी वनाईनेछ । विपदको पूर्व तयारी खोज,उद्धार,राहत र पुर्नस्थापना सम्बन्धि कार्यमा विशेष जोड दिईनेछ । सार्वजनिक,निजी तथा सामूदायिक क्षेत्रसंगको सहकार्यमा विपद जोखिम न्यूनिकरण तथा उत्पादनशिलता र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

**५५.**विपदको पूर्व सतर्कता अपनाउन सूचना प्रविधिको प्रयोग गरिनेछ । विपदवाट प्रभावितलाई सामाजिक संरक्षण प्रदान गरिनेछ ।

**५६.**विपद व्यवस्थापन तथा जोखिम न्युनिकरण कोष स्थापनाका लागी यस आर्थिक वर्षमा रु. ५० लाख विनियोजन गरेको छु ।

**५७.** त्यसै गरी यस वर्ष पनि बिभिन्न प्राकृतिक बिपदको कारणले एकदमै अप्ठेरोमा पर्ने, ज्यादै विपन्न व्यक्तिहरुलाई कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध गराई

जोखिममा परेका पिडित व्यक्तिलाई राहत महशुस गर्न आर्थिक सहायता कोषलाई निरन्तरता दिंदै रु. २० लाख विनियोजन गरेकोछु ।

**सुशासन र सार्वजनिक सेवा प्रवाह**

**५८.** गाउँपालिका लगायत गाउँपालिका मातहतका सबै निकायमा सदाचार संस्कृतिको विकास गरिनेछ । नेपाल सरकारको भ्रष्टाचार विरुद्ध सुन्य सहनशिलता **"म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न"** , **"म समाज र जनताका लागि ईमान्दार भई सेवामा लाग्नेछु"** भन्ने प्रतिज्ञा सहितको सुशासन कार्य संस्कृति प्रवर्द्धन गरिनेछ ।

**५९.**कोरोना रोकथाम नियन्त्रण तथा उपचारको कार्यमा संघीय सरकार,प्रदेश सरकार, गाउँपालिका, सम्पुर्ण संघसंस्था, व्यक्ति तथा सम्पूर्ण सहयोगी हातहरुबाट उपलब्ध गराईएको जिन्सी लगायत नगद वस्तुको अभिलेखिकरण तथा खर्चको सार्वजनिकिकरण गरी पारदर्शि बनाईनेछ ।

**६०.** गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाह तथा सुशासन मैत्री गाउँपालिका निर्माण गर्ने उद्देश्यलाई थप प्रभावकारी वनाउन आवश्यक बजेट विनियोजन गरेकोछु ।

**सम्मानित सभाका सभाअध्यक्ष महोदय,**

**६१.** अब म **योजना तथा वित्त व्यवस्थापन र बजेट कार्यान्वयन** सम्बन्धि कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**६२.** राजश्व संकलनमा आउने संकुचन र सार्वजनिक खर्चमा पर्ने थप चापलाई मध्यनजर गर्दै आगामी वर्ष गाउँपालिकाको प्रशासनिक खर्चलाई मितव्ययी बनाईनेछ । राजश्व संकलनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन, एकिकृत सम्पति करलाई नतिजामूखी बनाउने उद्देश्यले बजेट विनियोजन गरेकोछु ।

**६३.** गाउँपालिकामा सञ्चालन हुने प्रदेश सरकार,संघीय सरकार तथा गाउँपालिकाको श्रोत भएका विभिन्न कार्यक्रम तथा योजनाबिच तालमेल तथा सामञ्जस्यता

कायम गरिनेछ। यसका लागि प्रदेश सरकार तथा संघीय सरकारका तालूक कार्यलयसंग समयमै समन्वय गरिनेछ।

**सभाअध्यक्ष महोदय,**

६४.अब म **माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका** लागी बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६५.आगामी आर्थिक वर्षका लागी नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रू. ३४ करोड १ लाख ४८ हजार २ सय ४० विनियोजन गरेको छु। नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदानको रुपमा प्राप्त रू. ८ करोड ७९ लाख,राजश्व बाँडफाँडको रुपमा प्राप्त रू . ७ करोड ३७ लाख ५४ हजार २ सय, सशर्त अनुदानको रुपमा प्राप्त रू. १४ करोड ७० लाख, सुदूरपश्चिम प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानको रुपमा प्राप्त रकम रू. ६९ लाख ४३ हजार, राजश्व बाँडफाँडको रुपमा प्राप्त रु. २० लाख ३१ हजार, संघीय सरकारको समपूरक अनुदानको रुपमा प्राप्त रु. ६५ लाख, गत वर्षको नगद मौज्दात रु. १ करोड १० लाख ५० हजार र आन्तरिक राजश्वको अनुमान रु. ५० लाख २० हजार गरी बजेट कूल जम्मा कायम गरिएको हो।

६६.यसरी तयार पारिएको बजेट तथा कार्यक्रम अन्तर्गत चालूतर्फ रू. २२ करोड ७८ लाख ५ हजार २ सय ( ६७ प्रतिशत ) र पूंजिगततर्फ रू. ११ करोड २३ लाख ४३ हजार ( ३३ प्रतिशत) विनियोजन गरिएकोछ।

**सभाअध्यक्ष महोदय,**

६७.अब म, मैले बजेटको तर्जुमा गर्दा देखेको कार्यान्वयनको बाटो र विकासको सम्भावना लगायत यस कार्यमा मलाई अहोरात्र खटिई सहयोग गर्नुहुने विभिन्न पद तथा अन्य ठाउँमा रहेका व्यक्ति तथा संस्थाको बारेमा सम्बोधन गर्दै बजेट तथा कार्यक्रम प्रस्तुतिको अन्तमा आएको जानकारी गराउन चाहन्छु।

६८.नेपालको संविधानले व्यवस्था गरेको स्थानीय सरकारको ढाँचा कार्यान्वयनमा आए संगै यो गाउँपालिका भोक,रोग, गरिबी,पछौटेपन र आर्थिक, सामाजिक विकास, विभेद विरुद्धको संघर्ष र समृद्धि प्राप्तिको चरणमा प्रवेश गरेकोछ । यो प्रयास प्राप्तिका लागि सम्पूर्ण गाउँपालिका वासीहरु एउटै मञ्चमा आबद्ध हुनुपर्ने अवस्था आएको छ । लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र स्थापना गर्न अब सामाजिक आर्थिक विकासको क्षेत्रमा फड्को मार्नै पर्ने अवस्था आएकोछ ।

६९.यो बजेट कार्यान्वयनबाट के.आई.सिंह गाउँपालिका न्यायपूर्ण विकाससंगै समृद्धिको नयाँ चरणमा प्रवेश गर्नेछ । यस बजेटले स्थानीय स्तरमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै सामाजिक विकासलाई पनि दरिलो तुल्याई समृद्ध गाउँपालिका निर्माणका लागी आधार तय गर्नेछ ।

७०.यो बजेट तर्जुमा गर्दा मार्गदर्शन प्रदान गर्नुहुने सम्मानित गाउँ सभाका अध्यक्षज्यू , वडाअध्यक्षज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, स्थानीय स्तरमा क्रियाशील राजनीतिक दलहरु, समाजसेवी तथा  बुद्धिजिविहरु, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, पत्रकार लगायत अन्य सम्पूर्ण सहयोगी हातहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै मैले प्रस्तुत गरेको बजेटलाई पूर्ण रुपमा प्रभावकारी, नतिजामूखी, विवेकशिल र औचित्यपूर्ण तथा न्यायोचित बनाउन सम्पुर्ण के.आई.सिंह वासीको न्यानो साथको अपेक्षा गरेकोछु ।

धन्यवाद ।

**मिना देवी विष्ट**

**उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक**

# ५आय व्ययको विवरण
# आ.व. २०७७/०७८
# अनुसूचि १

रू. हजारमा

| शिर्षक | | आ.व.२०७५/०७६ को यथार्थ | आ.व.२०७६/०७७ को संशोधित अनुमान | आ.व२०७७/०७८ को अनुमान |
|---|---|---|---|---|
| आय | | | | |
| | राजश्व | | | |
| | आन्तरिकराजश्व | | | |
| | राजश्वबाँडफाँडबाट प्राप्त रकम(संघीय सरकार) | | | |
| | राजश्वबाँडफाँडबाट प्राप्त रकम(प्रदेश सरकार) | | | |
| | अन्य आय (गत आ.व. को नगत मौज्दात अनुमान) | | | |
| | जम्मा | | | |
| | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | | |
| | नेपालसरकारबाट प्राप्त ( वित्तीय समानीकरण ) | | | |
| | नेपालसरकारबाट प्राप्त ( सशर्त अनुदान ) | | | |
| | नेपालसरकारबाट प्राप्त ( समपूरक अनुदान ) | | | |
| | प्रदेशसरकारबाट प्राप्त (वित्तीय समानीकरण) | | | |
| | जम्मा | | | |
| | जनसहभागिताः | | | |
| | नगदसहभागिता | | | |
| | श्रम तथावस्तुगत सहायता | | | |
| | जम्माः | | | |
| | जम्मा आयः | | | |
| व्ययः | | | | |
| | चालू खर्च (नेपाल सरकारको सशर्त अनुदान सहित) | | | |
| | पुजिगतखर्च | | | |
| | जम्माव्ययः | | | |
| बजेटबचत/ न्युन | | | | |
| वित्तीयव्यव | | | | |

| | | | | |
|---|---|---|---|---|
| स्था | | | | |
| | खुद ऋणलगानी | | | |
| | ऋण लगानी | | | |
| | ऋण लगानीकोसाँवा फिर्ता प्राप्ति | | | |
| | | | | |
| | खुद शेयरलगानी | | | |
| | शेयर लगानी | | | |
| | शेयरबिक्रिबाट लगानी फिर्ता प्राप्ति | | | |
| | | | | |
| | खुद ऋणप्राप्ति | | | |
| | ऋणको सावाभुक्तानी | | | |
| | ऋणप्राप्ति | | | |
| अन्तिमबजेट बचत/न्यून | | | | |

# राजश्वतथा अनुदान प्राप्तिको अनुमान
## आ.व. २०७७/०७८
## अनुसूचि २

रु. हजारमा

| शिर्षक | | आ.व.२०७५/०७६ को यथार्थ | आ.व.२०७६/०७७ को संशोधित अनुमान | आ.व.२०७७/०७८ को अनुमान |
|---|---|---|---|---|
| राजश्व | | | | |
| | आन्तरिकराजश्व | | | |
| | एकिकृतसम्पति कर | | | |
| | भुमिकर(मालपोत) | | | |
| | घरवाहाल कर | | | |
| | व्यवसाय कर | | | |
| | व्याकहोलोडर तथा टिप्पर बहाल कर | | | |
| | सेवा शुल्कतथा सिफारिस कर | | | |
| | प्राकृतिकस्रोत साधन व्यावसिक कर | | | |
| | अन्य | | | |
| जम्मा | | | | |
| | राजश्वबाँडफाँड | | | |
| | राजश्वबाँडफाँड प्राप्ति( संघीय सरकार) | | | |
| | राजश्वबाँडफाँड प्राप्ति( प्रदेश सरकार) | | | |
| | राजश्वबाडँफाँड हस्तान्तरण | | | |
| जम्मा | | | | |
| | अन्य आय | | | |
| | साविकको स्थानीय निकायबाट हस्तान्तरण भई प्रप्त रकम | | | |
| | बेरुजूअसुली | | | |
| | गत वर्षकोनगद मौज्दात अनुमान | | | |
| अन्तरसरकारी वित्तीय हस्तान्तरण | | | | |
| | नेपालसरकारबाट प्राप्त अनुदान | | | |
| | वित्तीयसमानीकरण अनुदान | | | |
| | ससर्तअनुदान | | | |
| | समपूरकअनुदान | | | |
| | विशेषअनुदान | | | |
| | प्रदेशसरकारबाट प्राप्त अनुदान | | | |
| | वित्तीयसमानीकरण अनुदान | | | |

| | | | | |
|---|---|---|---|---|
| | ससर्तअनुदान | | | |
| | समपूरकअनुदान | | | |
| | विशेषअनुदान | | | |
| जम्मा | | | | |
| | अन्यस्थानीय तहबाट प्राप्त अनुदान | | | |
| | ससर्तअनुदान | | | |
| | समपूरकअनुदान | | | |
| | विशेषअनुदान | | | |
| जनसहभागिता | | | | |
| | नगदसहभागिता | | | |
| | श्रम तथावस्तुगत सहायता | | | |
| कूलजम्मा | | | | |